# मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०

कृषि प्रधान देश नेपालमा छैसट्ठी प्रतिशत जनताको जीविकोपार्जनका श्रोत कृषि रहेको र कूल ग्राहस्थ उत्पादनमा करिब पैंतिस प्रतिशत कृषि क्षेत्रले योगदान गरेको अवस्था छ। देशको रोजगारीको प्रमुख क्षेत्र कृषि भएकोले कृषि व्यवसायलाई व्यवसायिक, प्रतिस्पर्धी र वातावरण अनुकूल बनाई कृषि उपजको उत्पादन बढाई आयात प्रतिस्थापन तथा निर्यात प्रबद्र्धन गर्ने मूल उद्देश्य राखी मत्स्य व्यवसायी सम्बन्धी कार्यक्रममा अनुदानको व्यवस्था गरी कृषिमा नेपाली नागरिकलाई आकर्षित गर्न विशेष कार्यक्रम संचालन गर्न लागिएको छ।

नेपालमा उत्पादित माछाको अधिकांश उत्पादन तराईका जिल्लाहरुमा केन्द्रित रहेता पनि जलवायु परिवर्तनका कारण तराईमा उत्पादन हुने माछाहरु निकटवर्ती मध्यपहाडी जिल्लाहरुमा पनि उत्पादन हुन सक्ने संभावना रहेको छ। एकातर्फ माछा पालन प्रति कृषकको संलग्नता दैनिक रुपमा बढी रहेको भएता पनि अर्कोतर्फ माछाको खपतलाई नेपालमा उत्पादित माछाले मात्र पर्याप्त उपलव्ध गराउन सकिरहेको छैन। दैनिक रुपमा बढिरहेको माछाको मागलाई आयात प्रतिस्थापन गर्नका लागि नेपाल सरकारले आर्थिक वर्ष २०७०/०७१ को बजेट बक्तव्यमा समेत तराई तथा मध्य पहाडी जिल्लामा माछापालन क्षेत्र विस्तार कार्यक्रम लागू गरेको छ। फलस्वरुप कृषि विभागको तराईका १३ जिल्लामा संचालित अभियानमुखी मत्स्य उत्पादन कार्यक्रमलाई बढाई बिसै जिल्लामा विस्तार गर्ने र मध्य पहाडका जिल्लाहरुमा विस्तार गर्ने लक्ष्य रहेको छ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः

क) यो कार्यविधिको नाम "मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७०" रहेको छ।

ख) यो कार्यविधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

**"जलस्रोत"** भन्नाले नदी नाला, ताल तलैया तथा पोखरी आदि बुझ्नु पर्दछ।

**"मत्स्य प्राविधिक"** भन्नाले कृषि विकास मन्त्रालय अन्तर्गतका बरिष्ठ मत्स्य विकास अधिकृत मत्स्य विकास अधिकृत, मत्स्य समूहका प्रा.स., ना.प्रा.स. भन्ने बुझ्नु पर्दछ।

**"जिल्लास्तर कार्यक्रम कार्यान्वयन समिति"** भन्नाले जिल्ला कृषि विकास कार्यालयका प्रमुखको संयोजकत्वमा यस कार्यविधि अनुसार गठित समितिलाई बुझाउनेछ।

**"कार्यक्रम कार्यान्वयन समिति"** भन्नाले कार्यक्रम प्रमुखको संयोजकत्वमा यस कार्यविधि अनुसार गठित समितिलाई बुझाउनेछ।

**"श्रोत केन्द्र"** भन्नाले मत्स्य बिज उत्पादन एवं बिक्री वितरण तथा मत्स्यपालन विषयको ज्ञान सीप उपलव्ध हुने स्थान बुझ्नु पर्दछ।

**"माछापालन"** भन्नाले कुनै पनि जलाशयहरुमा (पोखरी, धान खेत, घोल, ताल आदि) माछा भुरा हालेर नियन्त्रित तरिकाले माछा उत्पादन गरिने तरिका/विधिलाई बुझाउने छ।

**"भौतिक सुविधा"** भन्नाले पोखरी, ह्याचरी, पानी जाँच्ने उपकरण, जाल माछा भुरा प्याकिङ्ग तथा ढुवानी साधन तथा सामग्री, प्राविधिक कक्ष आदिलाई बुझाउनेछ।

**"रेसवे"** भन्नाले ट्राउट माछा पालनको लागि निरन्तर पानीको वहाव भएको निर्मित संरचनालाई जनाउनेछ।

**"मत्स्य ह्याचरी"** भन्नाले नियन्त्रित अवस्थामा गुणस्तरीय मत्स्य बिज उत्पादन गर्ने आवश्यक संरचना (ओभरहेड टैंक, स्पोनिङ्ग टैंक, ईन्कुवेसन टैंक, माउ पोखरी आदि) सहितको थलो बुझ्नु पर्ने हुन्छ।

**"घुम्ती शिविर"** भन्नाले मत्स्य प्राविधिक एवं विज्ञको टोली मत्स्य कृषक/व्यवसायीको घर दैलोमा नै पुगी वास्तविक प्राविधिक समस्या (प्राविधिक जानकारी, पानी गुणस्तर मत्स्य पोषण तथा मत्स्य स्वास्थ्य) पहिचान एवं निदान तथा विविध पक्षमा दिइने प्राविधिक सल्लाहलाई बुझ्नु पर्दछ।

**"पेलेटिङ्ग"** भन्नाले दानाको कच्चा पदार्थलाई विभिन्न आकार तथा साइजका डल्लाहरु बनाई उत्पादन गर्ने उपकरण बुझ्नु पर्दछ।

**"एरेटर"** भन्नाले हावामा पाइने अक्सिजन पानीमा घुलाई अक्सिजनको मात्रा बढाउने उपकरण बुझ्नु पर्दछ।

३. **उद्देश्यः** यस कार्यविधिका उद्देश्य देहाय बमोजिम रहेका छन्ः

क) उपलव्ध जलश्रोतको सदुपयोग गर्दै मत्स्य उत्पादन तथा उत्पादकत्व वृद्धि गरी खाद्य एवं पोषण सुरक्षामा टेवा पुऱ्याउने।

परिच्छेद २

## मध्य पहाडी जिल्लाहरुमा मत्स्य पालन क्षेत्र विस्तार

मत्स्य उत्पादन विशेष कार्यक्रम कार्यान्वयन कार्यविधी २०७२ (पहिलो संशोधन, २०७३) अनुसार

परिच्छेद ३

## मध्यपहाडी क्षेत्रमा नमुना निजी श्रोत केन्द्र स्थापना

**३.१ कार्यक्रम संचालन प्रकृयाः** मध्यपहाडी क्षेत्रमा नमुना निजी श्रोत केन्द्र स्थापनाको कार्यक्रम संचालन प्रकृया देहाय अनुसार हुनेछ।

क) राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रमले मध्यपहाडका जिल्ला कृषि विकास कार्यालयको समन्वय र सिफारिस एवं सम्भाब्यता अध्ययनको आधारमा प्रस्ताव आव्हन (अनुसूची-१) र संकलन अनुसूची-२) गर्नेछ।

ख) संकलन गरिएका प्रस्ताव मध्ये योजना छनौट (अनुसूची-६) गर्ने कार्य कार्यक्रम कार्यान्वयन समितिले गर्नेछ।

ग) छनौट गर्दा माछापालन गरिरहेका अनुभव प्राप्त कृषक तथा कृषक सहकारी लाई प्राथमिकता दिईने छ।

घ) श्रोत केन्द्र स्थापना गर्दा कम्तिमा पनि ५ लाख माछा भुरा उत्पादन गर्नसक्ने क्षमताको भौतिक पूर्वाधार तैयार भएको हुनु पर्नेछ।

ङ) श्रोत केन्द्रको प्राविधिक क्षमता विकास गर्नका लागि करारमा कम्तीमा ६ महिनाका लागि दक्ष प्राविधिकको (ToR तयार गरी) सेवा लिई उक्त श्रोत केन्द्रमा काम गर्ने गरी त्यहाँको काम गर्ने जनशक्तिको प्राविधिक क्षमता अभिबृद्धि गरी भुरा उत्पादन गरिरहेको हुनु पर्नेछ।

३.२ मध्यपहाडी क्षेत्रमा नमुना निजी श्रोत केन्द्रको कार्यक्रम कार्यान्वयन समितिको गठन देहाय अनुसार हुनेछ।

| | |
|---|---|
| प्रमुख, राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्यविकास कार्यक्रम | संयोजक |
| बरिष्ठ मत्स्य विकास अधिकृत, मत्स्य विकास निर्देशनालय, | सदस्य |
| प्रतिनिधि, कृषि बिभाग, योजना तथा जनशक्ति शाखा | सदस्य |

| | |
|---|---|
| प्रमुख, केन्द्रिय मत्स्य प्रयोगशाला | सदस्य |
| बरिष्ठ मत्स्य विकास अधिकृत, रा.प्रा.तथा कृ.ज.म.बि.कार्यक्रम | सदस्य सचिव |

३.३ मध्यपहाडी क्षेत्रमा नमुना निजी श्रोत केन्द्र कार्यक्रमको आर्थिक पक्ष देहाय अनुसार हुनेछ ।

क) अनुदान प्रवाह गर्दा कार्य प्रगतिको आधारमा पहिलो पटक बढीमा ५० प्रतिशत र बाँकी रकम कार्य सम्पन्न भए पश्चात कार्यक्रम कार्यान्वयन समितिको सिफारिसमा र अन्य खर्चको हकमा आर्थिक नियमानुसार राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रमले गर्नेछ।

ख) प्रभाव क्षेत्रका कृषकहरुको क्षमता अभिबृद्धिका लागि श्रोत केन्द्रमा एक हप्ते कृषक स्तरिय तालिम संचालन गरिनेछ।

ग) यो अनुदान रकम पाउने कृषकहरुले पुनः अर्को पटक यसै कार्यका लागि अनुदान पाउने छैन।

**क्रियाकलाप तथा आर्थिक पक्षः**

| क.सं. | विवरण | कार्यालयको | श्रोत केन्द्रको दायित्व (प्रतिशत) कम्तिमा | कैफियत |
|---|---|---|---|---|
| १ | भौतिक सुविधा विकास तथा विस्तार (भुरा झिक्ने तथा भुरा प्याकिङ गर्ने तथा पानीको गुणस्तर जाँच गर्ने उपकरणहरु खरिद) अनुदान | ६,५०,०००।- | ५० | |
| | करारमा प्राविधिक नियुक्ति (छ महिनाको दायित्व | १,२०,०००।- | - | |
| | कृषक स्तरिय १ हप्ते मत्स्य पालन तालिम १ | १,५०,०००।- | - | |
| | अनुगमन तथा निरिक्षण पटक (२० जना) | ८०,०००।- | - | |
| | जम्मा खर्च | १०,००,०००।- | | |

परिच्छेद ४

## सहभागितात्मक ट्राउट विकास कार्यक्रम

*मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० (नेपाल सरकार (सचिवस्तर) मिति २०७०/०९/ को निर्णय अनुसार स्वीकृत भएकोमा नेपाल सरकार (सचिवस्तर) मिति २०७३/६/१३ को निर्णय अनुसार ट्राउट विकास सम्बन्धी* ***बृहत्तर रेन्वो ट्राउट विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३*** *तर्जुमा भई देहाय अनुसार व्यवस्था गरिएको छ।*

## बृहत्तर रेन्वो ट्राउट विकास कार्यक्रम

### पृष्ठभूमि

रेन्वो ट्राउट माछा पालन प्रविधिको विकास एवं विस्तारले मध्य तथा उच्च पहाडी क्षेत्रमा चिसो पानीको श्रोतहरूको उपयोगबाट ग्रामिण समुदायको आम्दानी र रोजगारीको अतिरिक्त खाध सुरक्षाको सुनिश्चिततामा महत्वपुर्ण भुमिका खेली रहेको छ। हाल देशमा बार्षिक रूपमा ३ हे. जलाशयको रेश्व पोखरीहरुबाट ३०० मे.टन भन्दा बढी ट्राउट माछा उत्पादन तथा बजारीकरण भएको पाईन्छ भने प्रति वर्ग मिटर १६ के.जी. उत्पादन रहेको छ। प्रत्येक वर्ष नयाँ ट्राउट फार्महरु विस्तारका लागि तीव्र माग बढी रहेको र मत्स्य विजको आपूर्तिको व्यवस्था समेत मिलाउन जरुरी देखिन्छ। त्यसका लागि सरकारी निकायमा आफ्नै ट्राउट फार्म नहुँदा विज आपूर्तिमा निजी क्षेत्रमा पूर्ण भर पर्नु परेको विद्यमान अवस्थामा ट्राउट ह्याचरीको पनि उत्तिकै माग छ। यसका लागि सरकारी तथा निजी क्षेत्रको भूमिकालाई प्रभावकारी किसिमले सञ्चालन गर्न कृषक व्यवसायीसँग सहकार्य गर्ने उद्देश्यले यस वृहत्तर रेन्वो ट्राउट विकास कार्यक्रम अन्तर्गत सहभागितात्मक ट्राउट विकास कार्यक्रम र ट्राउट ह्याचरी निर्माण तथा व्यवस्थापन कार्यक्रमहरु आगामी दिनमा सञ्चालन गर्ने उद्देश्यले यो कार्यविधि तयार गरिएको छ।

## परिच्छेद ४.१
## प्रारम्भिक

### १. संक्षिप्त नाम र प्रारम्भः

(क) यो कार्यविधिको नाम "बृहत्तर रेन्वो ट्राउट विकास कार्यक्रम कार्यान्यिन कार्यविधि, २०७३" हुनेछ।

(ख) यो कार्यविधि स्वीकृत भएको मितिबाट तुरुन्त प्रारम्भ हुनेछ।

### २. परिभाषाः

विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) "कार्यक्रम" भन्नाले बृहत्तर रेन्वो ट्राउट विकास कार्यक्रम अन्तर्गतका (अ) सहभागितात्मक ट्राउट विकास कार्यक्रम (आ) ट्राउट ह्याचरी निर्माण एवं व्यवस्थापन कार्यक्रमहरु वझ्नु पर्दछ।

(ख) "कार्यालय" भन्नाले जिल्ला कृषि विकास कार्यालय बुझ्नु पर्दछ।

(ग) "निर्देशनालय" भन्नाले मत्स्य विकास निर्देशनालय बुझ्नु पर्दछ।

(घ) "राष्ट्रिय कार्यक्रम" भन्नाले राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम बुझ्नु पर्दछ।

(ङ) "कार्यक्रम कार्यान्वयन समिति" भन्नाले बृहत्तर रेन्वो ट्राउट विकास कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु बुझ्नु पर्दछ।

(च) “मत्स्य ह्याचरी” भन्नाले अण्डाबाट बच्चा कोरल्ने सुविधा सहितको मत्स्य विज उत्पादन गर्ने थलो जनाउँदछ।

**३. कार्यक्रम संचालनको लक्ष्य एवं उद्देश्य**

**लक्ष्य :**

- रेन्वो ट्राउट मत्स्य विज आपुर्ती एवं ट्राउट माछा पालन क्षेत्र विस्तार गरी माछाको उत्पादन तथा उत्पादकत्व बढाउने।

**उदेश्य :**

- सम्भाब्य क्षेत्रमा रेन्वे ट्राउट माछा ब्यबसायलाई बृहत्तर रूपमा सन्चालन गरी रेजगारी एवं आयआर्जनमा बृद्धि गर्ने।

## परिच्छेद ४.२
## कार्यक्रम संचालन प्रक्रिया

४ प्रस्तुत कार्यक्रम संचालन सम्बन्धमा देहाय बमोजिमका प्रक्रिया रहने छन्।

क) यी कार्यक्रमहरू नयाँ क्षेत्र विस्तार गर्ने र ब्यबसाय सन्चलन गरिरहेका दुबै प्रकृतिका कृषकहरू मध्येबाट छनौट गरी फार्मको भौतिक पुर्वाधार विकासको लागी अनुदान दिइने छ।

ख) यी कार्यक्रमहरू राष्ट्रिय प्राकृतिक तथा कृतिम जलासय मत्स्य विकास कार्यक्रम मार्फत संचालन हुनेछ।

ग) यी कार्यक्रमहरू संचालनको लागि राष्ट्रिय कार्यक्रमबाट राष्ट्रिय दैनिक पत्रिकामा सूचना आह्वान हुनेछ।

घ) सम्वन्धित जिल्ला कृषि विकास कार्यालयको सिफारिस सहित राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलासय मत्स्य विकास कार्यक्रममा कार्य योजना सहित आवेदन गर्नु पर्नेछ।

ङ) रित पुर्वक प्राप्त भएका कार्ययोजना सहितका निवेदनहरू मूल्यांकन मापदण्ड एवं प्राविधिक उपसमिति गठन गरी सोही उपसमितिले मूल्यांकन एवं छनोट गर्नेछ र अनुमोदनका लागि कार्यक्रम कार्यान्वयन समितिमा पेस गर्नेछ।

च) कार्यक्रम कार्यावन्यन समिति निम्न अनुसार हुनेछ ।

| | |
|---|---|
| १. प्रमुख, राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलासय मत्स्य विकास कार्यक्रम | संयोजक |
| २. बरिष्ठ मत्स्य विकास अधिकृत, मत्स्य विकास निर्देशनालय, | सदस्य |
| ३. प्रतिनिधि, कृषि विभाग, योजना तथा जनशक्ति शाखा | सदस्य |
| ४. प्रमुख केन्द्रिय मत्स्य प्रयोगशाला | सदस्य |
| ५. बरिष्ठ मत्स्य विकास अधिकृत, राष्ट्रिय प्रा. तथा कृ.ज.म.वि.कार्यक्रम | सदस्य सचिव |

## परिच्छेद ४.३

## अनुगमन व्यवस्था

**५. अनुगमन तथा मूल्यांकन ब्यबस्थाः** यस कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहाय वमोजिम हुनेछ।

यी कार्यक्रमहरूको अनुगमन तथा मूल्यांकन सम्वन्धित जिल्ला कृषि विकास कार्यालय तथा मत्स्य विकास केन्द्र, राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम/माथी तोकिएको कार्यक्रम कार्यान्वयन समिति, क्षेत्रिय कृषि निर्देशनालय, मत्स्य विकास निर्देशनालय कृषि विभाग र कृषि विकास मन्त्रालयवाट हुनेछ।

## परिच्छेद ४.४

## विविध

६. **प्रचलित कानुन लागु हुनेः** प्रचलित कानुनमा व्यवस्था भएका बिषयहरुका सम्वन्धमा सोही बमोजिम र अन्य व्यवस्थाका सम्वन्धमा यसै कार्यविधि बमोजिम हुनेछ।

७. **अन्तिम व्याख्याः** यस कार्यविधिको वुझाईमा द्विविधा भएमा कृषि विकास मन्त्रालयले गरेको व्याख्या अन्तिम हुनेछ।

८. **अनुसुचीमा हेरफेर गर्न सक्नेः** यस कार्यविधिमा संलग्न अनुसूचीहरुमा (आर्थिक विषय वाहेक) कृषि विकास मन्त्रालयको सहमतिमा आवश्यकता र सम्भावनाका आधारमा परिमार्जन गर्न सकिनेछ।

९. **खारेजी तथा संशोधनः** कृषि विकास मन्त्रालयले आबश्यकता अनुसार यस कार्यविधिमा विधिपूर्वक संशोधन तथा खारेजी गर्न सक्नेछ।

## परिच्छेद ४.५
## आर्थिक पक्ष

१०. अनुदान प्रवाह गर्दा राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलासय मत्स्य विकास कार्यक्रमवाट खटाइएका प्राविधिकहरूले स्थलगत नाप जाँच गरी पेश गरेको कार्य प्रगति प्रतिवेदनको आधारमा पहिलो किश्ता वापत बढीमा ५० प्रतिशत र बाँकी रकम सम्पुर्ण कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पश्चायत कार्यन्वयन समितिको सिफारिसमा भुक्तानी दिइने छ।

११. रकम भुक्तानी गर्दा सम्वन्धित व्यवसायीको वैंक खातामा सिधै चेकबाट भुक्तानी दिइने छ।

१२. राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलासय मत्स्य विकास कार्यक्रमले बृहत्तर रेन्वो ट्राउट विकास कार्यक्रम अन्तर्गत उल्लेखित कार्यक्रम सम्पन्न गरे वापत कृषक/समुह/सहकारीलाई देहाय बमोजिम अनुदान रकम प्रवाह गर्नेछ।

| क्र.सं. | विवरण | अनुदान रकम (रु.) | कृषकको दायित्व | भुक्तानी विधि |
|---|---|---|---|---|
| १ | **सहभागितात्मक ट्राउट विकास कार्यक्रम** | | | |
| १.१ | कम्तीमा ५० घ.मी. रेशवे निर्माण एवं पानी व्यवस्थापन | प्रति प्याकेज ५,००,०००।- अनुदान | अनुदान रकम कुल लागत खर्चको ५०% भन्दा वढी हुने छैन। | राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रमले कार्य सम्पन्न प्रतिवेदन प्राप्त भए पछि व्यवसायीको बैंक खातामा चेकबाट भुक्तानी पठाउने ब्यवस्था गर्नेछ। |
| १.२ | सम्भाब्यता अध्ययन, अनुगमन एवं निरिक्षण खर्च | कूल लागत रकमको २.५ प्रतिशत | सम्भाब्यता अध्ययन, अनुगमन एवं आवश्यकता र औचित्यताको आधारमा छनोट कार्यको लागि राष्ट्रिय कार्यक्रमले सोही लागत रकम मध्येबाट २.५ % रकम खर्च गर्न सक्नेछ। | |
| २ | **ट्राउट ह्याचरी निर्माण एवं ब्यवस्थापन** | | | |
| २.१ | ट्राउट ह्याचरी निर्माण एवं विस्तार र आवश्यक सामाग्री तथा औजार उपकरण ब्यवस्थापन | प्रति ट्राउट ह्याचरी १०,००,०००। अनुदान | अनुदान रकम कुल लागत खर्चको ५०% भन्दा वढी हुनेछैन। | राष्ट्रिय प्राकृतिक तथा कृतिम जलासय मत्स्य विकास कार्यक्रमले कार्य सम्पन्न प्रतिवेदन प्राप्त भएपछि व्यवसायीको बैंक खातामा चेकबाट भुक्तानी पठाउने ब्यवस्था गर्नेछ। |
| २.२ | अनुगमन एवं प्रशासनिक खर्च ब्यवस्थापन | कुल लागत रकमको २.५ प्रतिशत | अनुदान रकम कुल लागत खर्चको ५०% भन्दा वढी हुनेछैन। | सम्भाब्यता अध्ययन, अनुगमन एवं आवश्यकता र औचित्यताको आधारमा छनोट कार्यको लागि राष्ट्रिय कार्यक्रमले सोही लागत रकम मध्येबाट २.५ % रकम खर्च गर्न सक्नेछ। |

परिच्छेद ५

## मध्य पहाडी क्षेत्रमा मत्स्य ह्याचरी स्थापना

नेपाल सरकार (सचिवस्तर) मिति २०७३/६/१३ को निर्णय अनुसार स्वीकृत **कार्प ह्याचरी निर्माण एवं ब्यवस्थापन कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७३** अनुसार कार्यक्रम सञ्चालन/कार्यान्वयन गर्न सकिने छ।

परिच्छेद ६

## मत्स्य स्वास्थ्य घुम्ती शिविर कार्यक्रम

६.१ मत्स्य स्वास्थ्य घुम्ती शिविर कार्यक्रम संचालन प्रकृया देहाय अनुसार हुनेछ।

क) यो कार्यक्रम केन्द्रीय मत्स्य प्रयोगशालाबाट सन्चालन हुनेछ।

ख) मत्स्य स्वास्थ्य शिविर संचालन गर्दा केन्द्रीय मत्स्य प्रयोगशालाले सम्बन्धित जिल्ला तथा मत्स्य विकास केन्द्रहरुको सह-कार्यमा संचालन गर्नु पर्नेछ।

ग) शिविर संचालन गर्दा सम्बन्धित जिल्लाको अगुवाईमा प्रचार प्रसारको कार्य गरिनेछ।

घ) मत्स्य स्वास्थ्य शिविर संचालन पोखरीको बढी धनत्व भएका (कम्तीमा ५० वटा पोखरी वा पकेट क्षेत्र भित्र) स्थानमा सन्चालन गरिने छ। कार्यक्रम संचालन गर्ने पकेट क्षेत्र वा स्थान सम्बन्धित जिल्ला कृषि विकास कार्यालयले मत्स्य विकास केन्द्र र केन्द्रीय मत्स्य प्रयोगशालासंग समन्वय गरी छनौट गर्नु पर्नेछ।

ङ) केन्द्रीय मत्स्य प्रयोगशाला बालाजुले शिविर संचालन गर्दा आवश्यक पर्ने सामग्रीहरु जस्तैः रसायन, उपकरणहरु, प्रसार प्रसार सामग्री र प्राविधिक जनशक्तिको व्यवस्था गर्नु पर्नेछ।

च) जिल्ला कृषि विकास कार्यालयले मत्स्य पकेट क्षेत्रको मत्स्य प्रोफाईल तयार गरी कार्यक्रम संचालन पूर्व केन्द्रीय मत्स्य प्रयोगशाला, बालाजुमा जानकारी गराई शिविर संचालनको व्यवस्थापनको कार्यमा सहयोग गर्नु पर्नेछ।

छ) शिविर संचालन गरिने जिल्ला वा पकेट क्षेत्रबाट नजिक पर्ने मत्स्य विकास केन्द्रले शिविरमा आवश्यक पर्ने प्राविधिक जनशक्ति, उपकरण, आदीको व्यवस्थापनमा सहयोग गर्नु पर्नेछ।

ज) केन्द्रीय मत्स्य प्रयोगशालाले शिविर संचालन गर्ने क्षेत्र वा जिल्ला वा स्थान छनौट र मिति समेतको अग्रिम जानकारी मत्स्य विकास निर्देशनालय/राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रममा दिनु पर्ने र सन्चालन पश्चात सो को प्रतिवेदन मत्स्य विकास निर्देशनालयमा दिनु पर्नेछ।

झ) जिल्लाको विभिन्न स्थानमा घुम्ती सेवाका रुपमा दिने शिविर बढीमा ३ दिनको हुने छ। समापन गर्दा घुम्ती शिविरमा सहभागी कृषक/व्यवसायिलाई आमन्त्रीत गरी समग्र प्रतिवेदन प्रस्तुत गर्नु पर्ने छ।

ञ) सहभागी संख्या ५० देखि १०० जना सम्मको हुनेछ।

६.२. मत्स्य स्वास्थ्य घुम्ती शिविर कार्यक्रम संचालनको आर्थिक पक्ष देहाय अनुसार हुनेछ।

आर्थिक बर्ष २०७०/७१ देखि संचालन हुने मत्स्य स्वास्थ्य घुम्ती शिविर कार्यक्रमको लागि खर्च गर्ने प्रकृया देहायको सीमा बमोजिम हुनेछ।

| सि.नं. | बिवरण | खर्च सीमा रु. |
|---|---|---|
| १. | प्रचार प्रसार (रेडियो, एफ. एम., पोस्टर तथा पम्पलेट आदि) बढीमा | १०,०००।- |
| २. | पानी, माछा तथा दाना जाच्ने रसायन तथा उपकरण तथा अन्य खर्च | २०,०००।- |
| ३. | खाजा खर्च | ५,०००।- |
| ४. | स्टल | ३,०००।- |
| ५. | गाडीभाडा (स्थानीय दररेट अनुसार) बढीमा | ५०,०००।- |
| ६. | प्रशिक्षण/प्रशिक्षक पारिश्रमिक | ७,०००।- |
| ७. | स्थानीय कर्मचारीलाई भ्रमण भत्ता (२ जना बढीमा ३ दिन) बढीमा | १०,०००।- |
| ८. | प्रतिवेदन प्रकाशन | ५,०००।- |
|  | जम्मा बढीमा | १,१०,०००।- |

परिच्छेद ७

## पेलेटीङ र एरेटर वितरण कार्यक्रम

७.१ पेलेटीङ र एरेटर वितरण कार्यक्रम संचालन देहाय अनुसार हुनेछ।

क) यो कार्यक्रम मत्स्य विकास निर्देशनालय/राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय मत्स्य विकास कार्यक्रम/जिल्ला कृषि विकास कार्यालय मार्फत सन्चालन हुनेछ।

ख) उपकरण वितरण गर्दा जिल्ला कृषि विकास कार्यालयले जिल्ला कार्यक्रम कार्यान्वयन समितिबाट निर्णय गराई वितरण गर्नु पर्नेछ।

ग) पेलेटीङ र एरेटर मेशिन एकै सहकारी/समूह/व्याक्ति लाई पनि दिन सकिनेछ।

७.२ पेलेटीङ र एरेटर वितरण कार्यक्रम संचालनको आर्थिक पक्ष देहाय अनुसार हुनेछ।

(क) पेलेट मेशिन खरीद एवं जडानः पेलेट मेशिन खरीद एवं जडानका लागि रु. १ लाख २५ हजार सम्म वा ७५ प्रतिशत सम्म अनुदान दिने तर भुक्तानी लेख्दा यी दुई मध्ये जुन कम हुन्छ त्यो अंकलाई अनुदानका रुपमा प्रदान गर्ने वांकी नपुग रकम सहकारी/समूह/व्याक्ति स्वंमले व्यहोर्नेछ।

(ख) एरेटर खरीद एवं जडानः एरेटर मेशिन खरीद एवं जडानका लागि रु. ६०,०००।– (साठी हजार) सम्म वा ७५ प्रतिशत सम्म अनुदान दिईने तर भुक्तानी लेख्दा यी दुई मध्ये जुन कम हुन्छ त्यो अंकलाई अनुदानका रुपमा प्रदान गर्ने वांकी नपुग रकम सहकारी/समूह/व्याक्ति स्वंमले व्यहोर्नेछ।

(ग) **खरिद प्रकृयाः** नेपाल सरकारको प्रचलित खरिद नियमावली अनुसार जिल्ला कृषि विकास कार्यालयबाट खरिद गरिनेछ।

| क्र.सं. | कार्य विवरण | कार्यालयले व्यहोर्ने बढीमा (रु.) | कृषक समुह/सहकारीले व्यहोर्ने | कैफियत |
|---|---|---|---|---|
| १ | पेलेट मेशिन खरिद एवं जडान | १२५,०००।- | कुल लाग्ने रकमको घटीमा २५ प्रतीशत रकम |  |
| २ | एरेटर खरिद एवं जडान | ६०,०००।- | कुल लाग्ने रकमको थप रकम |  |

परिच्छेद ८

## विविध

८.१ **अनुगमन व्यवस्थाः** कार्यक्रमको अनुगमनको व्यवस्था देहाय वमोजिम हुने छ।

क) संचालन कार्यक्रमहरुको केन्द्रियस्तरबाट नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य मन्त्रालय, कृषि विभाग, सम्वन्धित निर्देशनालय वा कार्यक्रमबाट हुनेछ।

ख) संचालन कार्यक्रमहरुको जिल्लास्तरमा नियमित अनुगमन तथा मुल्याङ्कनको कार्य सम्वन्धित जिल्ला कृषि विकास कार्यालय र यस अन्तर्गतका सेवा केन्द्रबाट हुनेछ।

८.२ **कार्वाहीको व्यवस्थाः** प्रस्ताव स्विकृत भएका कृषक तथा फर्म उद्योगहरुले सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी प्राप्त अनुदानलाई दुरुपयोग गरेको पाइएमा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम कार्वाही गरीने छ।

## अनुसूची -१

## मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० प्रस्ताव आव्हानको सूचनाको ढाँचा

**सूचना । सूचना ।। सूचना ।।।**

यस कार्यालयको आ.व. २० ..../ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मत्स्य व्यवसाय सम्बन्धी कार्यक्रमको माध्यमबाट कृषि विकासको प्रवर्द्धन गर्ने कार्यक्रम रहेको हुँदा ईच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हानको लागि यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रथम पटक प्रकाशन भएको मितिले १५ दिनभित्र सम्बन्धित जिल्ला कृषि विकास कार्यालयमा तोकिएको ढाँचा अनुसारको आवेदन फाराममा दरखास्त दिनुहोला।

पुनश्चः आवेदन साथ तपसिल अनुसारका कागजातहरु संलग्न राख्न समेत यसै सूचनाद्वारा सूचित गरिन्छ।

**तपसिल**

१. अनुसूची २ अनुसारको आवेदन फाराम।
२. अनुसूची ३ अनुसारको संक्षिप्त कार्य योजना।
३. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
४. अन्य प्रमाणित प्रमाण-त्रहरु (तालिम, शैक्षिक योग्यता आदि) को प्रतिलिपिहरु।

## अनुसूची-२

### मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० सम्बन्धी कार्यक्रमका अनुदान सहयोग प्राप्त गर्नका लागि दिइने

श्रीमान् बरिष्ठ कृषि विकास अधिकृतज्यू,
जिल्ला कृषि विकास कार्यालय,
............................ ।

विषयः कृषि अनुदान सहयोग कार्यक्रम उपलव्ध गराइदिने बारे ।

महोदय,

मलाई उक्त अनुदान सहयोग प्राप्त गरी ....................... कार्य गर्न तिव्र ईच्छा भएकोले निम्नानुसार कागजात राखी निवेदन गर्दछु। मैले अनुदान सहयोग प्राप्त गरेमा निर्धारित प्रकृया अनुसार सम्बन्धित जिल्ला भित्रै रही कार्य गर्नेछु।

पुनश्चः तपसिल अनुसारका कागजातहरु यसै निवेदन साथ संलग्न राखेको व्यहोरा समेत अनुरोध गर्दछु।

**तपसिल**

१. अनुसूची ३ अनुसारको संक्षिप्त कार्ययोजना।
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।
३. फर्म/समूह/समिति/सहकारी सम्बन्धित निकायमा दर्ता भएको प्रमाणको प्रतिलिपि वा व्यक्तिगत कृषक
४. अन्य प्रमाणित प्रमाण-पत्रहरु (तालिम, शैक्षिक योग्यता) आदिका प्रतिलिपिहरु।
५. वैदेशिक रोजगारबाट फर्केकाको हकमा पासपोर्टको प्रतिलिपि।
६. समूह/समिति/सहकारिका सदस्यहरुको परियोजना प्रस्ताव पेश गर्न र परियोजना छनौट भएमा कार्यान्वयन गर्ने प्रतिवद्धता।

निवेदन पेश गर्नेको नाम, थरः
फर्म/समूह/संघ/संस्था भए नामः
ठेगानाः
दस्तखतः
मितिः २०७२ /     /

# अनुसूची ३

## मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० को आवधारणाको संक्षिप्त कार्य योजना

उद्यमीको नाम, थरः
ठेगानाः ............. गाउँ/टोलः ................ वडा नं. ........ गा.वि.स. .................
जिल्लाः .....................
संचालन गर्न खोजेको .................... सम्बन्धी व्यवसाय र स्थानः
सहयोग स्वरुप माग गरेको अनुदान रकम/लगानीः
आफ्नो लगानीः
आफ्नो पारिवारिक श्रमः
व्यवसायबाट उत्पादन हुने वस्तुः
उत्पादित कृषि वस्तुको परिमाणः
बजार योग्य परिमाणः
व्यवसायले वातावरणमा नकारात्मक प्रभाव पर्छ/पार्दैन ?
फर्मको नामः सम्पर्क नं.
ठेगानाः गाउँ/टोलः ................ वडा नंः ........ गा.वि.स. ............. जिल्ला ..........

व्यवसाय संचालन कार्य विवरण

| क.सं. | संचालन गरिने क्रियाकलाप | अनुदान सहयोग | निजी लगानी | जम्मा लगानी |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

व्यवसाय गरेको भए विगत कति वर्षदेखि ............ निरन्तर गरिरहेको रु वर्ष ............ महिना .........
व्यवसायको लागि श्रमको व्यवस्थापनः क) पारिवारिक ख) बाहिरबाट

ग) दुवै तर्फबाट सहि गर्नेको
नामः संस्थाको छापः (संस्थाको हकमा)
पदः
दस्तखतः मितिः

## अनुसूची- ४

## मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० को लागि गरिने सम्झौता-पत्र

मत्स्य विकास निर्देशनालयद्वारा जिल्ला कृषि विकास कार्यालय ......... मार्फत संचालन गरिने चालु आ.व. ............... को स्वीकृत ......................... कार्यक्रम संचालन गर्न जिल्ला कृषि विकास कार्यालय, (यसभन्दा पछाडी पहिलो पक्ष भनिने) विशिष्टताको आधारमा छनौट भएका युवा कृषक श्री/सुश्री/श्रीमती ........................ (यस भन्दा पछाडी दोश्रो पक्ष भनिने) बीच तपसिलका शर्तनामाहरु गरी गराई कार्यक्रम सम्पन्न गर्न सम्झौता/सहमति भएको छ।

१. पहिलो पक्षले दोश्रो पक्षलाई व्यवसाय संचालनको लागि कार्ययोजना अनुसार २ किस्तामा कार्यविधि अनुसार सामग्री वा सोझै नगद/ड्राफ्ट/चेक अनुदान स्वरुप तेश्रो पक्षको रोहवरमा उपलव्ध गराउनेछ ।

२. दोश्रो पक्षले पहिलो पक्षबाट आवश्यक प्राविधिक प्राप्त गरी आफूले आवेदन गरे अनुसारको .................. व्यवसाय संचालन गर्नेछ ।

३. पहिलो पक्षले नियमित रुपमा व्यवसाय संचालन गरे नगरेको अनुगमन गर्नेछन् ।

४. यस सम्झौतामा उल्लेखित काम गर्दा परी आउन सक्ने कुनै पनि प्राकृतिक प्रकोप/भवितव्यको पूर्ण जिम्मेवारी दोश्रो पक्ष स्वयं आफैं हुनेछ।

५. यस सम्झौतामा उल्लेख भए भन्दा अन्य व्यहोराको हकमा प्रचलित नियम कानुन बमोजिम हुनेछ।

| <u>पहिलो पक्ष</u> | <u>दोश्रो पक्ष</u> |
|---|---|
| जिल्ला कृषि विकास कार्यालयको तर्फबाट सही गर्नेको | युवा उद्यमी वा संस्थाको तर्फबाट सही गर्नेको |
| नामः | नामः |
| पदः | पदः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| कार्यालयको छापः | औंठाको छापः |
| संस्थाको छापः | दा. बा. |
| सम्पर्क फोन नंः | संस्थाको छाप |
| | सम्पर्क फोन नंः |

## अनुसूची ५

## मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० को प्रगति विवरण पठाउने फारमको ढाँचा

१. उद्यमी कृषकको
नामः
ठेगानाः

२. संचालित व्यवसायको
नामः
ठेगानाः

३. आ.व.

४. प्रगति प्रतिवेदन अवधिः चौमासिक/वार्षिक

| क्र.सं. | कार्य विवरण | इकाई | लक्ष्य | प्रगति | आईपरेका बाधा अड्चनहरु | समाधानका लागि सुझावहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

प्रति इकाई उत्पादित पदार्थको स्थानीय बजारको बिक्री मूल्य

१. ........................... २. ........................... ३. ................................

युवा उद्यमीको नामः
ठेगानाः दस्तखतः मितिः

## अनुसूची- ६

### मत्स्य विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० को प्रस्ताव मूल्यांकन फाराम

| क.सं. | द.नं. | आवेदकको नाम | ठेगाना | मूल्यांकन (१०० पूर्णाङ्कमा गर्ने) | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | उद्यमीको व्यवसाय प्रतिको अनुभव तालिम (३०) | पेश गरेको कार्य योजना (४०) | उक्त स्थानमा व्यवसायको संभाव्यता उपयुक्तता (१५) | वास्तविक लक्षित वर्ग (१५) | कूल प्राप्तांक |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |
| | | | | | | | | |

छनौट समितिका पदाधिकारीहरुको नाम, थर, पद, दस्तखत र मितिः

१.

२.

३.

## अनुसूची ७

## जिल्ला कृषि विकास कार्यालय, ..............

## मध्य पहाडी जिल्लाहरुमा सम्भाव्यताको आधारमा पोखरी निर्माण अनुदान कार्यको लागत इष्टिमेट विवरण

१. कृषकको नाम, थरः
२. ठेगानाः
३. परियोजना स्थलको ठेगानाः
४. पानीको श्रोतः
५. माटोको किसिम

७) पोखरीको किसिमः
८) डिल सहितको क्षेत्रफः
९) जलाशय क्षेत्रफलः
१०) पोखरी संख्याः

| क.सं. | लम्बाई मि. | चौडाई मि. | क्षेत्रफल वर्ग मि. | खन्ने गहिराई मि. | कूल माटोको परिमाण घ.मि. | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |
| | | | | | | |

अक्षरुपी रु. ..........................................

तयार गर्ने                                                                 सदर गर्ने

अनुसूची ८

नेपाल सरकार

कृषि विकास मन्त्रालय

कृषि विकास

जिल्ला कृषि विकास कार्यालय...............

**कार्य सम्पन्न प्रतिवेदन (कम्पलिशन रिपोर्ट)**

योजनाको नामः

स्थानः

कार्यादेश मितिः

कार्य पूरा भएको मितिः

ल.ई. बमोजिमको कूल रकमः

खुद कार्य भए बमोजिमको रकमः

खूद बढी भएको रकमः

खूद घटी भएको रकमः

घटी/बढी हुन गएको कारणः

समय अवधिभित्र कार्य सम्पन्न